स्वीकृत मितिः २०७८।४।२५

## <u>मानवअधिकार पुरस्कार वितरण कार्यविधि, २०७८</u>

मानव अधिकार पुरस्कार प्रदान गरिने क्षेत्र, योग्य व्यक्ति वा संस्था छनौट तथा पुरस्कारको राशी निर्धारण गर्ने प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकोले,

मानव अधिकार कोष सञ्चालन नियमावली, २०७५ को नियम १७ ले दिएको अधिकार प्रयोग गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "मानव अधिकार पुरस्कार वितरण कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नियमावली" भन्नाले मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५ सम्झनु पर्छ।

(ख) "सचिवालय" भन्नाले समितिको सचिवालय सम्झनु पर्छ ।

(ग) "सूचीमा परेका व्यक्ति वा संस्था" भन्नाले दफा ६ को उपदफा (१) बमोजिम सूचीमा परेका व्यक्ति वा संस्था सम्झनु पर्छ ।

३ <u>पुरस्कार प्रदान गरिने क्षेत्र</u> : (१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई योगदानको आधारमा नियमावली तथा यस कार्यविधि बमोजिम पुरस्कार प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम पुरस्कार प्रदान गरिने क्षेत्र अनुसूची-१ बमोजिम हुनेछ ।

४. <u>सार्वजनिक आव्हान गर्नु पर्ने</u> : (१) समितिले दफा ३ बमोजिमको कुनै क्षेत्रमा काम गरेका व्यक्ति वा संस्थालाई पुरस्कारको लागि सूचना प्रकाशन भएका मितिले एक्काइस दिनभित्र सचिवालयमा आवेदन दिन आव्हान गरी सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा नियमावलीको नियम ११ को उपनियम (१) मा उल्लिखित कसूरका अतिरिक्त देहायका कसूरमा सजाय वा कारवाहीमा नपरेका व्यक्ति वा संस्थामात्र योग्य हुने व्यहोरा समेत खुलाउनु पर्नेछः-

(क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाएको ।

(३) उपदफा (१) बमोजिमको सूचना राष्ट्रियस्तरका कम्तीमा दुई वटा दैनिक पत्रिकामा प्रत्येक वर्षको साउन महिनाभित्र प्रकाशन गर्नु पर्नेछ र सो सूचना मन्त्रालयको वेबसाइटमा समेत राख्नु पर्नेछ ।

५. <u>आवेदन पेश गर्ने</u> : (१) पुरस्कार प्राप्त गर्न चाहने व्यक्ति वा संस्थाले दफा ४ बमोजिमको सूचनामा निर्धारित अवधिभित्र व्यक्ति भए अनुसूची-२ र संस्था भए अनुसूची-३ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित आवश्यक कागजात तथा सामग्री संलग्न गरी सचिवालयमा आवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवेदन पेश गर्ने व्यक्ति वा संस्था पुरस्कार पाउन योग्य छ भनी देहायको कुनै व्यक्ति वा संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा पुरस्कारको लागि गरेको सिफारिस समेत आवेदनसाथ संलग्न गर्नु पर्नेछ :-

(क) नेपालको संविधान बमोजिम स्थापना भएका मानव अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी विषय हेर्ने संवैधानिक निकाय तथा प्रचलित कानून बमोजिम स्थापना भई मानव अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी विषय हेर्ने कानूनी निकाय,

(ख) आवेदन पेश गर्ने व्यक्ति वा संस्थाको कार्यक्षेत्रसँग सम्बन्धित स्थानीय तह,

(ग) नेपाल सरकार तथा प्रदेश सरकारको मानव अधिकार सम्बन्धी विषय हेर्ने सम्बन्धित निकाय,

(घ) मानव अधिकारको क्षेत्रमा कार्य गरेको विश्वव्यापीरूपमा ख्याति प्राप्त गरेका नेपालमा कार्यक्षेत्र भएको अन्तर्राष्ट्रिय गैर सरकारी संस्था,

(ङ) कम्तीमा पन्ध्र वर्ष मानव अधिकारको क्षेत्रमा कार्य गरेको नेपालमा स्थापना भएको गैर सरकारी संस्था,

(च) आवेदन पेश गर्ने व्यक्ति वा संस्थाको कार्यक्षेत्रको प्रतिनिधित्व गर्ने सम्बन्धित संघीय संसदका सदस्य वा प्रदेश सभाका सदस्य,

(छ) विश्वविद्यालयमा मानव अधिकारसँग सम्बन्धित विषय अध्यापन गराउने प्राध्यापक,

(ज) मानव अधिकारको क्षेत्रमा निरन्तर कार्य गरिरहेका समाजमा सम्मानित, उदाहरणीय र अतुलनिय योगदान गरेका लब्ध प्रतिष्ठित व्यक्ति,

(झ) मानव अधिकार आयोगका वहालवाला वा अवकाशप्राप्त अध्यक्ष तथा सदस्य, वा

(ञ) मन्त्रालयबाट मानव अधिकार पुरस्कार पाइसकेका व्यक्ति वा संस्था ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम आवेदन नगरेको कुनै व्यक्ति वा संस्था पुरस्कारको लागि योग्य छ भन्ने लागेमा उपदफा (२) बमोजिमको व्यक्ति वा संस्थाले त्यस्तो व्यक्ति वा संस्थालाई समेत पुरस्कारको लागि सिफारिस गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्दा सिफारिस गर्ने व्यक्ति वा संस्थाले व्यक्तिको हकमा अनुसूची-५ र संस्थाको हकमा अनुसूची-६ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित आवश्यक कागजात तथा सामग्री संलग्न गरी सिफारिस गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम आवेदन वा सिफारिस पेश गर्ने व्यक्ति वा संस्थाले त्यस्तो आवेदन वा सिफारिस सचिवालयले तोकेको विद्युतीय माध्यमबाट समेत पठाउन सक्नेछ ।

६. नाम सूचीकृत गर्ने : (१) दफा ५ बमोजिम सचिवालयमा प्राप्त आवेदन तथा सिफारिसको अध्ययन तथा छानविन गरी उपसमितिले पुरस्कारको लागि आवेदन दिएका वा सिफारिस गरिएका व्यक्ति वा संस्थाको नाम ठेगाना सहितको सूची तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची सचिवालयले मन्त्रालयको सूचनापाटीमा टाँस गरी वेभसाइटमा समेत राख्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचीमा परेका व्यक्ति वा संस्थालाई पुरस्कार प्रदान गर्न नहुने कुनै कारण भएमा सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र उजुरी गर्नको लागि आव्हान गरी समितिले सार्वजनिकरूपमा सूचना प्रकाशन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम जारी गरिएको सूचना सचिवालयले मन्त्रालयको सूचनापाटीमा टाँस गरी वेभसाइटमा समेत राख्नेछ ।

(५) उपदफा (३) बमोजिम जारी भएको सूचना बमोजिम सूचीमा परेका व्यक्ति वा संस्थाका विरूद्धमा उजुरी दिँदा लिखितरूपमा आरोप पुष्टी गर्ने प्रमाण समेत संलग्न गरी सचिवालयमा उजुरी दिनु पर्नेछ।

(६) उपदफा (३) बमोजिमको अवधि भित्र सचिवालयमा कुनै उजुरी प्राप्त भएमा त्यस्तो अवधि समाप्त भएको मितिले पन्ध्र दिनभित्र उपसमितिले त्यस्तो उजुरीको अध्ययन तथा छानविन गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम उजुरीको अध्ययन तथा छानविन वा अन्य जुनसुकै माध्यमबाट त्यस्ता व्यक्ति वा संस्थाको अध्ययन तथा छानविन गर्दा त्यस्ता व्यक्ति वा संस्थालाई नियमावली तथा यस कार्यविधि बमोजिम पुरस्कारको लागि सिफारिस गर्न मिल्ने नदेखिएमा त्यस्ता व्यक्ति तथा संस्थालाई उपसमितिले उपदफा (१) बमोजिमको सूचीबाट हटाउनु पर्नेछ ।

७. <u>छनौट तथा सिफारिस</u> : (१) दफा ६ बमोजिम सूचीमा परेका व्यक्ति वा संस्थाहरू मध्येबाट पुरस्कार सिफारिसको लागि उपसमितिले व्यक्ति वा संस्था छनौट गर्दा नियम ९ को उपनियम (१) मा उल्लिखित आधारका अतिरिक्त देहायका आधारमा मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) भौगोलिक कार्यक्षेत्रमा मानव अधिकारको संरक्षण र संवर्द्धनमा गरेको योगदान,

(ख) मानव अधिकार विषयको क्षेत्रमा गरेको खोज तथा अनुसन्धान,

(ग) मानव अधिकारको संरक्षण र संवर्द्धनमा क्रियाशीलता,

(घ) मानवअधिकारप्रतिको सम्मान र सचेतना अभिवृद्धिमा खेलेको भूमिका वा पुऱ्याएको सहयोग,

(ङ) मानव अधिकार उल्लंघनका घटनाहरूलाई सार्वजनिक गर्ने र त्यस्ता घटनाको अनुगमनमा प्रभावकारीरूपमा खेलेको भूमिका,

(च) मानव अधिकारको उपभोग गर्नको लागि आवश्यक वातावरण बनाउन वा त्यस्तो वातावरणको निर्माण गर्न, व्यक्ति तथा समुदायको सशक्तिकरण वा जीवनस्तरमा सुधार गर्न आवश्यक सहयोग र सहजीकरणमा गरेको योगदान,

(छ) मानव अधिकारको संरक्षणको कार्य गर्दा बहन गर्नु परेको जोखिम,

(ज) व्यक्ति वा संस्थाप्रतिको सार्वजनिक धारणा तथा आमधारणा,

(झ) अति जोखिम, बहिष्करणमा परेका तथा विपन्न व्यक्ति तथा समुदाय योगदानको कार्यक्षेत्र भएको,

(ञ) समाजमा रहेका सामाजिक विभेद, अन्याय, कुरीति र अन्धविश्वास हटाउन वा अन्त्य गर्नमा खेलेको भूमिका वा पुऱ्याएको सहयोग तथा योगदान ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनका आधारमा अनुसूची-७ बमोजिम मूल्याङ्कन गर्दा पुरस्कार प्रदान गर्न सबैभन्दा उपयुक्त देखिएका कम्तीमा एकजना व्यक्ति र एउटा संस्था पर्ने गरी बढीमा तीनजना व्यक्ति वा संस्थाको नाम उपसमितिले छनौट गरी समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्दा देहायका विवरण समावेश भएको प्रतिवेदनसमेत पेश गर्नु पर्नेछ :-

(क) पृष्ठभूमि,
(ख) प्राप्त आवेदन तथा सिफारिसको विवरण,
(ग) उजुरी र उजुरीको किनारा सम्बन्धी व्यहोरा,
(घ) मूल्याङ्कनका लागि छनौट भएका योग्य व्यक्ति तथा संस्थाको संक्षिप्त विवरण,
(ङ) मूल्याङ्कन गर्न लिएका आधार,
(च) व्यक्ति वा संस्थाको बारेमा उपसमितिले कसैलाई खटाई बुझेको भए सोको संक्षिप्त व्यहोरा,
(छ) सिफारिस गरिएका व्यक्ति वा संस्थाको संक्षिप्त विवरण,
(ज) पुरस्कारको लागि व्यक्ति वा संस्था छनौट गर्नुको औचित्य, आधार र कारण, र
(झ) समितिलाई गरिएको सिफारिसको व्यहोरा ।

(४) यस दफा बमोजिम उपयुक्त व्यक्ति वा संस्थाको छनौट गर्ने क्रममा त्यस्तो व्यक्ति वा संस्थाप्रतिको सार्वजनिक धारणा तथा आमधारणा लगायतका अन्य आवश्यक कुराहरू बुझ्नु परेमा मन्त्रालयले उपसमितिको कुनै सदस्य वा मन्त्रालयको कुनै अधिकृतलाई स्थलगत अवलोकनको लागि खटाउन वा अन्य कुनै माध्यमबाट बुझ्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम खटिने व्यक्तिले उपसमितिलाई पेश गर्ने प्रतिवेदन गोप्य राख्नु पर्नेछ र निजले स्वार्थको द्वन्द्ध हुने कुनै किसिमको क्रियाकलाप समेत गर्नु हुँदैन ।

८. समितिबाट सिफारिस : दफा ७ बमोजिम उपसमितिबाट सिफारिस भई आएका व्यक्ति वा संस्थामध्येबाट समितिले उपयुक्त देखिएका एकजना व्यक्ति र एउटा संस्थाको नाम पुरस्कारको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

९. पुरस्कारको घोषणा र पुरस्कार प्रदान कार्यक्रम : (१) मन्त्रालयले दफा ८ बमोजिम पुरस्कारको लागि सिफारिस भएका व्यक्ति वा संस्थाको नाम नियमावलीको नियम १३ बमोजिम प्रत्येक वर्ष डिसेम्बर १० तारिखमा घोषणा गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम घोषणा भएपछि मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थालाई पुरस्कार प्रदान गरिने मिति, समय, स्थान र अन्य आवश्यक कुरा समेतको जानकारी मौखिक तथा लिखितरूपमा दिनु पर्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको नाम घोषणा भएको सात दिनभित्र उपदफा (२) बमोजिम जानकारी दिएको मिति, समय र स्थानमा कार्यक्रम आयोजना गरी पुरस्कार प्रदान गर्नेछ ।

(४) उपदफा (१) बमोजिम घोषणा भएको व्यक्ति तथा संस्थालाई मन्त्रालयले काठमाडौं उपत्यका बाहिरका व्यक्ति वा संस्थाको हकमा नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेको मापदण्ड बमोजिम दैनिक भ्रमण भत्ता तथा यातायात खर्च तथा काठमाडौं उपत्यका भित्रका व्यक्ति वा संस्थाको हकमा यातायात खर्च उपलब्ध गराउनेछ ।

(५) उपदफा (४) बमोजिम दैनिक भ्रमण भत्ता तथा यातायात खर्च संस्थाको हकमा पुरस्कार ग्रहण गर्न आउने एक जना प्रतिनिधिलाई मात्र प्राप्त हुनेछ ।

१०. पुरस्कार राशी र प्रमाणपत्र प्रदानः (१) पुरस्कारको लागि घोषणा भएका व्यक्ति वा संस्थाले प्राप्त गर्ने पुरस्कारको राशी एक लाख एघार हजार एक सय एघार रूपैयाँको हुनेछ ।

(२) पुरस्कार पाउने व्यक्ति वा संस्थालाई पुरस्कारको राशी र मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा पुऱ्याएको योगदान समेत उल्लेख गरी प्रमाणपत्रसमेत प्रदान गरिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची-८ बमोजिम हुनेछ ।

११. <u>छनौट नगरिने</u> : यस कार्यविधि बमोजिम एकपटक पुरस्कार पाएको व्यक्ति वा संस्थालाई कम्तीमा पाँच वर्ष पूरा नभई पुनः पुरस्कार छनौट प्रक्रियामा समावेश गरिने छैन ।

१२. <u>पुरस्कार प्राप्त गर्ने व्यक्ति वा संस्थाको सूची बनाइने</u> : (१) सचिवालयले यस कार्यविधि बमोजिम पुरस्कार पाउने व्यक्ति वा संस्थाको सूची बनाई वार्षिकरूपमा अद्यावधिक गरी अभिलेख राख्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको सूचीमा समावेश भएका व्यक्ति वा संस्थालाई यस कार्यविधि बमोजिम प्रत्येक वर्ष आयोजना गरिने पुरस्कार प्रदान कार्यक्रममा आमन्त्रण गर्नु पर्नेछ र मन्त्रालयले आयोजना गर्ने मानव अधिकारसँग सम्बन्धित अन्य विशेष कार्यक्रममा समेत आमन्त्रण गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिम पुरस्कार पाएको व्यक्ति वा संस्था कुनै मानव अधिकार उल्लघंनको घटनामा संलग्न भएको पाइएमा त्यस्तो व्यक्ति वा संस्थालाई उपदफा (१) बमोजिमको अभिलेखबाट हटाइनेछ ।

१३. <u>समय तालिकाको अबलम्बन</u> : यस कार्यविधि बमोजिम पुरस्कार प्रदान गर्ने प्रक्रियाको लागि अनुसूची-९ बमोजिमको समय तालिकाको अबलम्बन गर्नु पर्नेछ ।

अनुसूची-१
(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)
<u>पुरस्कार प्रदान गरिने क्षेत्र</u>

(क) मानव अधिकारको विषयको अध्ययन, अध्यापन तथा अनुसन्धानबाट मानव अधिकारको विषयमा गरेको योगदान,

(ख) आर्थिक, सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका महिला, अशक्त र असहाय अवस्थामा रहेका, जोखिममा रहेका वा आर्थिकरूपले विपन्न व्यक्ति तथा समूहको संरक्षण, सशक्तिकरण वा विकासमा गरेको योगदान,

(ग) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित वा जोखिममा रहेका बालबालिकाको हक, हित संरक्षण तथा त्यस्ता बालबालिकाको शिक्षा, स्वास्थ्य र पालन पोषणमा काम गरेको वा बालश्रम विरुद्धको क्षेत्रमा कार्य गरी बाल अधिकारको संरक्षणमा गरेको योगदान,

(घ) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया वा भूमिहिन व्यक्तिको मानव अधिकारको संरक्षणमा गरेको योगदान,

(ङ) बाल विवाह, बोक्सीको आरोप, दाइजो प्रथा, छाउपडी प्रथा वा अनमेल विवाह लगायतका सामाजिक प्रचलन, प्रथा र कुरिती विरूद्धको क्षेत्रमा काम गरी मानव अधिकारको संरक्षणमा गरेको योगदान,

(च) बेचबिखनमा परेका, जोखिममा परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका वा हिंसा पीडित महिलाको पुनःस्थापना, संरक्षण वा सशक्तिकरणमा गरेको योगदान,

(छ) मानव बेचबिखन तथा ओसारपसार विरूद्धको क्षेत्रमा कार्य गरी पीडितको मानव अधिकारको संरक्षणमा गरेको योगदान,

(ज) अशक्त, असहाय तथा परिवारको संरक्षकत्व नपाएका ज्येष्ठ नागरिकको हक, हित तथा अधिकारको संरक्षण गर्दै त्यस्ता व्यक्तिको स्वास्थ्य, स्याहार र पालनपोषणमा गरेको योगदान,

(झ) मानसिक सन्तुलन गुमाएका व्यक्तिको खोज तथा उद्धार गरी त्यस्ता व्यक्तिको स्वास्थ्य, स्याहार र पालनपोषणमा गरेको योगदान,

(ञ) जातीय छुवाछुत तथा भेदभाव विरूद्धको क्षेत्रमा कार्य गरी सामाजिक रूपान्तरणका लागि गरेको योगदान,

(ट) वातावरण संरक्षण गरी मानव अधिकारको संरक्षण र संवर्द्धनमा गरेको योगदान,

(ठ) प्राकृतिक प्रकोप वा विपदमा आपतकालीन उद्धार, राहत तथा सहयोग गरी मानव अधिकारको संरक्षणमा गरेको योगदान,

(ड) मानव अधिकार रक्षक (डिफेन्डर) को क्षेत्र  र त्यस्ता रक्षकको सम्मान र संवर्द्धनको क्षेत्रमा गरेको योगदान,

(ढ) आम सञ्चारको माध्यमद्वारा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा गरेको योगदान,

(ण) लैङ्गिक न्यायका माध्यमद्वारा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा गरेको योगदान,

(त) उपभोक्ताको हक, हित र अधिकारको लागि गरेको योगदान,

(थ) प्रजनन स्वास्थ्यको क्षेत्रमा गरेको योगदान,

(द) मानसिक स्वास्थ्यको क्षेत्रमा गरेको योगदान,

(ध) निःशुल्क कानूनी सहायता प्रदान गर्ने कार्यमा गरेको योगदान,

(न) मानवीय कानूनको क्षेत्रमा गरेको योगदान,

(प) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न कार्य गरेको, वा

(फ) अतुलनीय, अनुकरणीय वा उदाहरणीय समाजसेवा तथा मानवसेवा मार्फत मानवताको समर्पणमा गरेको योगदान ।

अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

व्यक्तिले दिने आवेदनको ढाँचा

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालय,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

महोदय,

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालयद्वारा मिति......... मा प्रकाशित सूचना बमोजिम मानव अधिकार पुरस्कारबाट सम्मानित हुन पाउँ भनी देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेश गरेको छु ।

१. नाम, थर : नेपालीमा...
अङ्ग्रेजीमा.....
२. जन्म मिति : विक्रम सम्वत :... इस्वी सम्वत :...
३. अभिभावक वा बाबु वा आमाको नाम :...
४. लिङ्ग :...
५. स्थायी ठेगाना:... सम्पर्क नम्वर...
६. अस्थायी ठेगाना :... इमेल ठेगाना...
७. आवद्ध संस्था :...
८. मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनको लागि योगदान गरेको क्षेत्र....
९. योगदानको कार्यक्षेत्र (जुन व्यक्ति, वर्ग, क्षेत्र, जाति, समूह तथा समुदायमा योगदान गरेको हो सो विवरण खुलाउने ):.....
१०. भौगोलिक कार्यक्षेत्र : जिल्ला......................महा/उपमहा/नगरपालिका/गाँउपालिका......
११. योगदानको क्षेत्रमा कार्य गरेको शुरू समय : साल......महिना........गते........
१२. योगदानको क्षेत्रमा क्रियाशील रही मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनको अनुभव :...
१३. योगदानको क्षेत्रमा गरेको विशेषज्ञता, खोज तथा अनुसन्धानको विवरण :...
१४. योगदानको क्षेत्रमा गरेका काम तथा क्रियाकलापको विवरण :...
१५. मानव अधिकार सचेतना अभिवृद्धि सम्बन्धी क्रियाकलापको विवरण :...
१६. मानव अधिकार उल्लघंन सम्बन्धी कुनै घटना उजागर गरेकोमा वा मानव अधिकार उल्लघंनका घटनाको रोकथाम गरेको भएमा सो सम्बन्धी विवरण :...
१७. मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन सम्बन्धी भएका क्रियाकलापको विवरण (सामाजिक विभेद, अन्याय, कूरीति र अन्धविश्वास हटाउन खेलेको भूमिकालाई खुलाउने) :...
१८. योगदानको क्षेत्रमा गरेका काम तथा क्रियाकलापले पारेको प्रभाव, असर तथा उपलब्धिको विवरण :..

१९. योगदानको क्षेत्रमा काम गर्दा आइपरेका समस्या, बाधा, अड्चन वा बहन गर्नु परेको जोखिम तथा क्षतिको विवरण :....

२०. कुनै सम्मान वा पुरस्कार प्राप्त गरेको भएमा सोको विवरण :...

२१. समाजसेवा, मानवसेवा वा वातावरण संरक्षण लगायतका कुनै क्षेत्रमा गरेको उदाहरणीय, अतुलनीय र उल्लेखनीय योगदान भएमा खुलाउने,...

२२. मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा गरेको ठोस योगदान सम्बन्धी अन्य कुनै आवश्यक विवरण भएमा सो समेत खुलाउने,..

२३. संलग्न गर्नु पर्ने कागजात :

(क) नागरिकता, राहदानी वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि वा परिचय खुल्ने अन्य कुनै कागजातको प्रतिलिपि,

(ख) संस्थामा आवद्ध भएकोमा सो संस्थाको आवद्धता भएको परिचयपत्रको प्रतिलिपि,

(ग) यस अनुसूचीमा रहेका विवरणलाई पुष्टि गर्ने आवश्यक कागजात, राष्ट्रिय, अन्तर्राष्ट्रिय वा स्थानीय आम सञ्चारका माध्यमद्वारा प्रकाशित वा प्रसारित सामग्री, वृत्त चित्र, अनुसन्धानात्मक आलेख, प्रकाशित पुस्तक, पुस्तिका वा विद्युतीय सामग्रीको प्रति ।

२४. माथि उल्लेख गरिएका र संलग्न गरिएका कागजात तथा सामग्री सबै साँचो हुन र नियमावली तथा यस कार्यविधि बमोजिम पुरस्कारको लागि सिफारिस नमिल्ने कुनै पनि अवस्था नभएको तथा मलाई पुरस्कार सिफारिस भएमा उक्त पुरस्कार ग्रहण गर्ने व्यहोरा समेत घोषणा गर्दछु ।

(दस्तखत)

पूरा नाम, थर

मिति :

अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

<u>संस्थाले दिने आवेदनको ढाँचा</u>

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालय,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

महोदय,

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालयद्वारा मिति.......... मा प्रकाशित सार्वजनिक सूचना बमोजिम मानव अधिकार पुरस्कारबाट सम्मानित हुन पाउँ भनी देहाय बमोजिमको विवरण र आवश्यक कागजात तथा सामग्री संलग्न गरी यो आवेदन पेश गरेको छु ।

१. संस्थाको नाम : नेपालीमा.....
   अङ्ग्रेजीमा.....
२. संस्थाको ठेगाना : ... सम्पर्क नम्वर...
३. स्थापना भएको मिति : इमेल...
४. संस्थाको प्रमुख तथा अन्य सञ्चालकको नाम,थर र ठेगाना :
५. मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनको लागि योगदान गरेको क्षेत्र....
६. योगदानको कार्यक्षेत्र (जुन व्यक्ति, वर्ग, क्षेत्र, जाति, समूह तथा समुदायमा योगदान गरेको हो सो विवरण खुलाउने ):...
७. भौगोलिक कार्यक्षेत्र : जिल्ला.......................महा/उपमहा/नगरपालिका/गाँउपालिका......
८. योगदानको क्षेत्रमा कार्य गरेको शुरू समय : साल......महिना........गते........
९. योगदानको क्षेत्रमा क्रियाशील रही मानव अधिकार सम्मान, संरक्षण र संवर्द्धनको अनुभव :..
१०. योगदानको क्षेत्रमा गरेको विशेषज्ञता, खोज तथा अनुसन्धानको विवरण :...
११. योगदानको क्षेत्रमा गरेका काम तथा क्रियाकलापको विवरण :...
१२. मानव अधिकार सचेतना अभिवृद्धिसम्बन्धी क्रियाकलापको विवरण :...
१३. मानव अधिकार उल्लघंन सम्बन्धी कुनै घटना उजागर गरेकोमा वा मानव अधिकार उल्लघंनका घटनाको रोकथाम गरेको भएमा सो सम्बन्धी विवरण :...
१४. मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन सम्बन्धी भएका क्रियाकलापको विवरण (सामाजिक विभेद, अन्याय, कूरीति र अन्धविश्वास हटाउन खेलेको भूमिकालाई खुलाउने) :...
१५. योगदानको क्षेत्रमा गरेका काम तथा क्रियाकलापले पारेको प्रभाव, असर तथा उपलब्धिको विवरण :..
१६. योगदानको क्षेत्रमा काम गर्दा आइपरेका समस्या, बाधा, अड्चन वा बहन गर्नु परेको जोखिम तथा क्षतिको विवरण :....
१७. कुनै सम्मान वा पुरस्कार प्राप्त गरेको भएमा सोको विवरण :...
१८. समाजसेवा, मानवसेवा वा वातावरण संरक्षण लगायतका कुनै क्षेत्रमा गरेको उदाहरणीय, अतुलनीय र उल्लेखनीय योगदान खुलाउने :.....

१९. मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा गरेको ठोस योगदान सम्बन्धी अन्य कुनै आवश्यक विवरण भएमा सो समेत खुलाउने,..

२०. संलग्न गर्नुपर्ने कागजात :

(क) संस्थाको प्रमुख र अन्य सञ्चालकको नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र वा परिचय खुल्ने अन्य कुनै कागजातको प्रतिलिपि,

(ख) संस्थाको गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षणको प्रति,

(ग) यस अनुसूचीमा रहेका विवरणलाई पुष्टि गर्ने आवश्यक कागजात, राष्ट्रिय, अन्तर्राष्ट्रिय वा स्थानीय आम सञ्चारका माध्यमद्वारा प्रकाशित वा प्रसारित सामग्री, वृत्त चित्र, अनुसन्धानात्मक आलेख, प्रकाशित पुस्तक वा पुस्तिका वा विद्युतीय सामग्रीको प्रति ।

२१. माथि उल्लेख गरिएका र संलग्न गरिएका कागजात तथा सामग्री सबै साँचो हुन र नियमावली तथा यस कार्यविधि बमोजिम पुरस्कारको लागि सिफारिस नमिल्ने कुनै पनि अवस्था नभएको तथा यस संस्थालाई पुरस्कार सिफारिस भएमा उक्त पुरस्कार यस संस्थाले ग्रहण गर्ने व्यहोरा घोषणा गर्दछु ।

संस्थाको प्रमुखको (दस्तखत)
पूरा नाम, थर
संस्थाको छाप
मिति :

अनुसूची-४

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

<u>आवेदकलाई पुरस्कारको लागि गरेको सिफारिसको ढाँचा</u>

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालय,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

महोदय,

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालयद्वारा मिति......... मा प्रकाशित सूचना बमोजिम मानव अधिकार पुरस्कार प्रदान गर्न.........व्यक्ति वा संस्था योग्य तथा उपयुक्त भएको तथा निज आवेदक व्यक्ति/संस्थाप्रतिको सार्वजनिक धारणा/आमधारणा........ रहेको व्यहोरा सिफारिस गर्दछु ।

व्यक्तिको हकमाः सिफारिस गर्नेको दस्तखत
पूरा नाम, थर, ठेगाना र सम्पर्क नम्वरः
पेशा वा व्यवसायः
संस्थाको हकमाः सिफारिस गर्ने
संस्थाकोनाम :
संस्थाको छापः
संस्थाको प्रमुखको नाम,थर र दस्तखतः

---

नोट : यस अनुसूची बमोजिम सिफारिस गर्दा मन्त्रालयलाई सम्बोधन गरी सिफारिसकर्ताले आफ्नो ढाँचामा व्यहोरा बनाई कुनै ठोस महत्वपूर्ण योगदान भए सो कुरा र सो व्यक्ति वा संस्था प्रतिको सार्वजनिक धारणा/आमधारणालाई समेत उल्लेख गरी सिफारिस गर्न सक्नेछन् र त्यसलाई प्रमाणित गर्ने आवश्यक सामग्री तथा कागजात समेत पठाउन सक्नेछन् ।

## अनुसूची-५

(दफा ५ को उपदफा  (४) सँग सम्बन्धित)

<u>व्यक्तिलाई पुरस्कारको लागि सिफारिस गर्ने ढाँचा</u>

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालय,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

महोदय,

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालयद्वारा मिति......... मा प्रकाशित सार्वजनिक सूचना बमोजिम मानव अधिकार पुरस्कारबाट सम्मानित गर्न देहायको व्यक्ति उपयुक्त तथा योग्य भएकोले देहाय बमोजिमको विवरण र आवश्यक कागजात तथा सामग्री संलग्न गरी यो आवेदन पेश गरेको छु ।

१. सिफारिसकर्ता व्यक्ति वा संस्थाको नाम : नेपालीमा.....
अङ्ग्रेजीमा.....

२. सिफारिसकर्ता संस्था वा व्यक्तिको ठेगाना र सम्पर्क नम्वर :

३. सिफारिसकर्ता संस्थाको प्रमुखकको नाम,थर र ठेगाना र सम्पर्क नम्वर तथा इमेल :

४. सिफारिसकर्ता व्यक्ति कुनै संस्थासँग आवद्ध भएमा सो संस्था वा निकायको नाम :

५. सिफारिसकर्ता संस्थाको कार्यक्षेत्र वा सिफारिसकर्ता व्यक्तिको पेशा र कार्यक्षेत्र :...

६. सिफारिसकर्ताले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गरेको योगदानको क्षेत्र...

७. सिफारिसकर्ताले सिफारिस हुने व्यक्तिसँग सम्बन्धित देहायका विवरण समेत भर्नु पर्नेछ :-

(क) व्यक्तिको नाम, थर : नेपालीमा.....
अङ्ग्रेजीमा.....

(ख) व्यक्तिको जन्म मिति : विक्रम सम्वत :....... इस्वी सम्वत :.........

(ग) व्यक्तिको अभिभावक, बाबु वा आमाको नाम :........व्यक्तिको लिङ्ग :........

(घ) व्यक्तिको ठेगानाः......................................सम्पर्क नम्वर.....................................

(ङ) व्यक्तिको हालको स्थान :................................इमेल.............

(च) व्यक्तिको काममा आवद्ध संस्था :......................

(छ) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनको लागि योगदान गरेको क्षेत्र....

(ज) योगदानको कार्यक्षेत्र (जुन व्यक्ति, वर्ग, क्षेत्र, जाति, समूह तथा समुदायमा योगदान गरेको हो सो विवरण खुलाउने ):...

(झ) भौगोलिक कार्यक्षेत्र : जिल्ला.......................महा/उपमहा/नगरपालिका/गाँउपालिका......

(ञ) योगदानको क्षेत्रमा कार्य गरेको शुरू समय : साल......महिना........गते........

(ट) योगदानको क्षेत्रमा क्रियाशील रही मानव अधिकार सम्मान, संरक्षण र संवर्द्धनको अनुभव :..

(ठ) योगदानको क्षेत्रमा गरेको विशेषज्ञता, खोज तथा अनुसन्धानको विवरण :...

(ड) योगदानको क्षेत्रमा गरेका काम तथा क्रियाकलापको विवरण :...

(ढ) मानव अधिकार सचेतना अभिवृद्धिसम्बन्धी क्रियाकलापको विवरण :....

(ण) मानव अधिकार उल्लघंन सम्बन्धी कुनै घटना उजागर गरेकोमा वा मानव अधिकार उल्लघंनका घटनाको रोकथाम गरेको भएमा सो सम्बन्धी विवरण :...

(त) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन सम्बन्धी भएका क्रियाकलापको विवरण (सामाजिक विभेद, अन्याय, कूरीति र अन्धविश्वास हटाउन खेलेको भूमिकालाई खुलाउने) :...

(थ) योगदानको क्षेत्रमा गरेका काम तथा क्रियाकलापले पारेको प्रभाव, असर तथा उपलब्धिको विवरण :...

(द) योगदानको क्षेत्रमा कार्य गर्दा आइपरेका समस्या, बाधा, अड्चन वा बहन गर्नु परेको जोखिम तथा क्षतिको विवरण :...

(ध) कुनै सम्मान वा पुरस्कार प्राप्त गरेको भएमा सोको विवरण :...

(न) समाजसेवा, मानवसेवा वा वातावरण संरक्षण लगायतका कुनै क्षेत्रमा गरेको उदाहरणीय, अतुलनीय र उल्लेखनीय योगदान खुलाउने :...

(प) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा गरेको ठोस योगदान सम्बन्धी अन्य कुनै आवश्यक विवरण भएमा सो समेत खुलाउने :...

(फ) व्यक्तिप्रति रहेको सार्वजनिक धारणा तथा आमधारणालाई खुलाउने :...

८. संलग्न गर्नुपर्ने कागजात :

(क) सिफारिसकर्ता व्यक्ति वा संस्थाको प्रमुखको परिचयपत्रको प्रतिलिपि,

(ख) सिफारिस हुने व्यक्तिको नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र वा परिचय खुल्ने अन्य कुनै कागजातको प्रतिलिपि,

(ग) सिफारिस हुने व्यक्ति कुनै संस्थामा आवद्ध भएकोमा सो संस्थाको आवद्धता भएको परिचयपत्रको प्रतिलिपि,

(घ) यस अनुसूचीमा रहेका विवरणलाई पुष्टि गर्ने आवश्यक कागजात, राष्ट्रिय, अन्तर्राष्ट्रिय वा स्थानीय आम सञ्चारका माध्यमद्वारा प्रकाशित वा प्रसारित सामग्री, वृत्त चित्र, अनुसन्धानात्मक आलेख, प्रकाशित पुस्तक, पुस्तिका वा विद्युतिय सामग्रीको प्रति,

(ङ) पुरस्कारको लागि सिफारिस भएमा पुरस्कार ग्रहण गर्नेछु भन्ने सम्बन्धित व्यक्तिको लिखित घोषणा।

९. माथि उल्लेख गरिएका र संलग्न गरिएका कागजात तथा सामग्री सबै साँचो हुन र नियमावली तथा यस कार्यविधि बमोजिम पुरस्कारको लागि सिफारिस नमिल्ने कुनै पनि अवस्था नभएको व्यहोरा जानकारी गराउँदछु ।

सिफारिसकर्ता व्यक्ति भएमा,- (दस्तखत)
नाम, थर र पेशा वा क्षेत्रः
सिफारिसकर्ता संस्था भएमा,- (संस्था प्रमुखको दस्तखत)
पूरा नाम र थर :
संस्थाको छापः
मितिः

अनुसूची-६

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

संस्थालाई पुरस्कारको लागि सिफारिस गर्ने ढाँचा

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालय,
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

महोदय,

श्री मानव अधिकार पुरस्कार समितिको सचिवालयद्वारा मिति......... मा प्रकाशित सार्वजनिक सूचना बमोजिम मानव अधिकार पुरस्कारबाट सम्मानित गर्न देहायको संस्था उपयुक्त तथा योग्य भएकोले देहाय बमोजिमको विवरण र आवश्यक कागजात तथा सामग्री संलग्न गरी सिफारिस गरिएको छ ।

१. सिफारिसकर्ता व्यक्ति वा संस्थाको नाम : नेपालीमा.....
अङ्ग्रेजीमा.....
२. सिफारिसकर्ता संस्था वा व्यक्तिको ठेगाना र सम्पर्क नम्वर :...
३. सिफारिसकर्ता संस्थाको प्रमुखकको नाम,थर र ठेगाना र सम्पर्क नम्वर तथा इमेल :...
४. सिफारिसकर्ता व्यक्ति कुनै संस्थासँग आवद्ध भएमा सो संस्था वा निकायको नाम :...
५. सिफारिसकर्ता संस्थाको कार्यक्षेत्र वा सिफारिसकर्ता व्यक्तिको पेशा र कार्यक्षेत्र :...
६. सिफारिसकर्ताले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गरेको योगदानको क्षेत्र...
७. सिफारिस कर्ताले सिफारिस हुने संस्थासँग सम्बन्धित देहायका विवरण समेत भर्नु पर्नेछ :-
(क) संस्थाको नाम नेपालीमा.....
अङ्ग्रेजीमा.....
(ख) संस्थाको स्थापना मिति :....
(ग) संस्था सञ्चालकको नाम, थर र सम्पर्क नम्वर :...
(घ) संस्थाको ठेगाना र सम्पर्क नम्वर तथा इमेल :...
(ङ) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनको लागि योगदान गरेको क्षेत्र :....
(च) योगदानको कार्यक्षेत्र (जुन व्यक्ति, वर्ग, क्षेत्र, जाति, समूह तथा समुदायमा योगदान गरेको हो सो विवरण खुलाउने ) :...
(छ) भौगोलिक कार्यक्षेत्र : जिल्ला..........महा/उपमहा/नगरपालिका/गाँउपालिका......
(ज) योगदानको क्षेत्रमा कार्य गरेको शुरू समय : साल......महिना........गते........
(झ) योगदानको क्षेत्रमा क्रियाशील रही मानव अधिकार सम्मान, संरक्षण र संवर्द्धनको अनुभव :...
(ञ) योगदानको क्षेत्रमा गरेको विशेषज्ञता, खोज तथा अनुसन्धानको विवरण :...
(ट) योगदानको क्षेत्रमा गरेका काम तथा क्रियाकलापको विवरण :...
(ठ) मानव अधिकार सचेतना अभिवृद्धिसम्बन्धी काम तथा क्रियाकलापको विवरण :
(ड) मानव अधिकार उल्लघंन सम्बन्धी कुनै घटना उजागर गरेकोमा वा मानव अधिकार उल्लघंनका घटनाको रोकथाम गरेको भएमा सो सम्बन्धी विवरण :...

(ढ) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन सम्बन्धी भएका काम तथा क्रियाकलापको विवरण (सामाजिक विभेद, अन्याय, कूरीति र अन्धविश्वास हटाउन खेलेको भूमिकालाई खुलाउने) :...

(ण) योगदानको क्षेत्रमा गरेका काम तथा क्रियाकलापले पारेको प्रभाव, असर तथा उपलब्धिको विवरण :...

(त) योगदानको क्षेत्रमा कार्य गर्दा आइपरेका समस्या, बाधा, अड्चन वा बहन गर्नु परेको जोखिम तथा क्षतिको विवरण :...

(थ) कुनै सम्मान वा पुरस्कार प्राप्त गरेको भएमा सोको विवरण :...

(द) समाजसेवा, मानवसेवा वा वातावरण संरक्षण लगायतका कुनै क्षेत्रमा गरेको उदाहरणीय, अतुलनीय र उल्लेखनीय योगदान खुलाउने :...

(ध) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा गरेको ठोस योगदान सम्बन्धी अन्य कुनै आवश्यक विवरण भएमा सो समेत खुलाउने :...

(न) संस्था प्रति रहेको सार्वजनिक धारणा तथा आमधारणालाई खुलाउने :....

८. संलग्न गर्नुपर्ने कागजात :

(क) सिफारिसकर्ता व्यक्ति वा संस्थाको प्रमुखको परिचयपत्रको प्रतिलिपि,

(ख) सिफारिस हुने संस्थाको प्रमुख र अन्य सञ्चालकको नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र वा परिचय खुल्ने अन्य कुनै कागजातको प्रतिलिपि,

(ग) सिफारिस हुने संस्थाको गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षणको प्रति,

(घ) यस अनुसूचीमा रहेका विवरणलाई पुष्टि गर्ने आवश्यक कागजात, राष्ट्रिय, अन्तर्राष्ट्रिय वा स्थानीय आम सञ्चारका माध्यमद्वारा प्रकाशित वा प्रसारित सामग्री, वृत्त चित्र, अनुसन्धानात्मक आलेख, प्रकाशित पुस्तक, पुस्तिका वा विद्युतिय सामग्रीको प्रति,

(ङ) पुरस्कारको लागि सिफारिस भएमा पुरस्कार ग्रहण गर्नेछु भन्ने सम्बन्धित संस्था प्रमुखकको लिखित घोषणा ।

९. माथि उल्लेख गरिएका र संलग्न गरिएका कागजात तथा सामग्री सबै साँचो हुन र नियमावली तथा यस कार्यविधि बमोजिम पुरस्कारको लागि सिफारिस नमिल्ने कुनै पनि अवस्था नभएको व्यहोरा जानकारी गराउँदछु ।

सिफारिसकर्ता व्यक्ति भएमा,- (दस्तखत)

नाम, थर र पेशा वा क्षेत्रः

सिफारिसकर्ता संस्था भएमा,-

(संस्था प्रमुखको दस्तखत)

पूरा नाम, थर

संस्थाको छाप

मितिः

अनुसूची-७

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

<u>मूल्याङ्कनका आधार</u>

| क्रम संख्या | मूल्याङ्कनका आधार | अङ्क भार | मूल्याङ्कन तरिका |
|---|---|---|---|
| १. | क्रियाशीलता | २० | मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धनको क्षेत्रमा क्रियाशील रूपमा लागेको प्रत्येक वर्षका लागि १ अङ्कका दरले २० अङ्क |
| २. | व्यक्ति तथा संस्थाको भौगोलिक कार्यक्षेत्र | १० | महानगरपालिका भएमा ५ अङ्क, उपमहानगरपालिका भएमा ६ अङ्क, नगरपालिका भएमा ७ अङ्क र गाँउपालिका भएमा ८ अङ्क र पिछडिएको क्षेत्रमा* कार्य गरेबापत थप २ अङ्क |
| ३. | योगदानको कार्यक्षेत्र | १० | लोपोन्मुख, अति सीमान्तकृत र सीमान्तकृत समूह, अल्पसंख्यक समुदाय, दलित, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका महिला, अति जोखिम र बहिष्करणमा परेका व्यक्ति तथा समुदाय, मानसिक स्वास्थ्यको क्षेत्र वा विपन्न व्यक्तिको मानव अधिकारको क्षेत्रमा कार्य गरेको व्यक्ति वा संस्थाको हकमा कम्तीमा ७ बढीमा १० अङ्क र अन्यको हकमा ५ अङ्क |
| ४. | विशेषज्ञता, खोज तथा अनुसन्धान | १० | मानव अधिकारको क्षेत्रमा अनुसन्धानमूलक कार्य गरेको भएमा कम्तीमा ३ बढीमा ५ अङ्क र सो को प्रकाशन तथा प्रसारण गरेको भएमा कम्तीमा ३ बढीमा ५ अङ्क |
| ५. | मानव अधिकारको सचेतना अभिवृद्धि तथा मानव अधिकार उल्लघंनका घटनाको उजागर वा रोकथाम गरेको | १० | आमसञ्चार तथा अन्य माध्यमबाट सचेतना अभिवृद्धि गरेकोमा कम्तीमा ३ बढीमा ५ अङ्क र मानव अधिकार उल्लघंनका घटनालाई उजागर गरेकोमा वा त्यस्ता घटनाको रोकथाममा सहयोग गरेमा कम्तीमा ३ बढीमा ५ अङ्क |
| ६. | उपलब्धि/प्रभावकारिता | १० | आवेदनसाथ पेश भएका कागजात तथा प्रमाणबाट प्राप्त उपलब्धि, प्रभाव वा असरको मूल्याङ्कन गरी व्यक्ति तथा समुदायको सशक्तिकरण, जीवनस्तरमा सुधार वा मानव अधिकार मैत्री वातावरणको निर्माण भएको देखिएमा कम्तीमा ५ बढीमा १० अङ्क |
| ७. | मानव अधिकारको सम्मान र संरक्षण | १० | सामाजिक विभेद, अन्याय, कूरीति र अन्धविश्वास हटाउन खेलेको भूमिका तथा गरेको योगदान वापत कम्तीमा ५ बढीमा १० अङ्क |
| ८. | जोखिम वहन | १० | मानव अधिकारको संरक्षण र संवर्द्धनको कार्य गर्दा शारीरिक, मानसिक वा आर्थिक क्षति भएकोमा कम्तीमा ७ बढीमा १० अङ्क |
| ९. | आमधारणा/सार्वजनिक | १० | समाजसेवा, मानवीयता तथा वातावरण लगायतका क्षेत्रमा |

| | | | |
|---|---|---|---|
| | धारणा | | अनुकरणीय, उदाहरणीय, उल्लेखनीय वा अतुलनीय योगदान गरी मानवीयता र नैतिकताको उच्चतहमा सम्मानित तथा स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय ख्याति कमाएका व्यक्तित्वको हकमा कम्तीमा ५ बढीमा १० अङ्क |

---

* स्पष्टिकरण : यस अनुसूचीको प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनुपर्छ ।

अनुसूची-८

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

<u>प्रमाणपत्रको ढाँचा</u>

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## मानव अधिकार पुरस्कार प्रमाणपत्र

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा क्रियाशील रही ........................................ क्षेत्रमा पुऱ्याएको विशिष्ट योगदानको कदर तथा सम्मानस्वरूप श्री .................................................... लाई राशी १,११,१११/- (अक्षरेपि एक लाख एघार हजार एक सय एघार रूपैयाँ) र मानव अधिकार पुरस्कार प्रमाणपत्र प्रदान गरिएको छ ।

पुरस्कार प्राप्त गर्नु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा यहाँको निरन्तर योगदानको अपेक्षा गर्दछौं ।

मितिः ....साल.....महिना ....गते

| | | |
|---|---|---|
| (नाम)............ | (नाम).................. | (नाम)................ |
| (हस्ताक्षर)........... | (हस्ताक्षर).................... | (हस्ताक्षर).................. |

---

नोट : यस अनुसूची बमोजिमको प्रमाणपत्रको रङ्ग, आकार, लगायतका अन्य आवश्यक पर्ने विषय, विवरण तथा प्रमाणपत्रमा हस्ताक्षर गर्ने पदाधिकारीको नाम समितिले तोक्नेछ ।

अनुसूची-९

(दफा १३ सँग सम्बन्धित)

<u>समय तालिका</u>

| क्रम संख्या | क्रियाकलाप | समयावधि |
|---|---|---|
| १. | सार्वजनिक सूचनाको आव्हान | साउन मसान्तभित्र सूचना प्रकाशन |
| २. | पेश भएका आवेदन र सिफारिस बमोजिमका व्यक्ति तथा संस्थाको सूची बनाई नामको प्रकाशन | असोज ५ सम्म सूचीमा रहेका व्यक्ति तथा संस्थाको नाम प्रकाशन |
| ३. | सूचीकृत नाम उपरको उजुरी गर्ने सूचना प्रकाशन | असोज २० सम्म (उजुरीहरू जम्मा) |
| ४. | उजुरीको किनारा | कार्तिक १ सम्म |
| ५. | उपसमितिको मूल्याङ्कन र सिफारिस | मंसिर ५ सम्म |
| ६. | समितिको सिफारिस | मंसिर २० सम्म |
| ७. | पुरस्कारको घोषणा | डिसेम्बर १० तारिख |
| ८ | सम्बन्धित व्यक्ति वा संस्थालाई पुरस्कार घोषणा भएको जानकारी | डिसेम्बर १० तारिख |
| ९. | पुरस्कार प्रदान गर्ने कार्यक्रम | डिसेम्बर १७ भित्र (मन्त्रालयले तोकेको दिन) |